प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय इलाम

कोशी प्रदेश, इलाम, नेपाल

वीरेन्द्र साह
डिभिजनल वन अधिकृत
अधिकृतस्तर दशौं

## सूचना । सूचना ॥ सूचना ॥।

**विषय :- काठ बोलपत्रद्वारा लिलाम विक्रिको विस्तृत सूचना ।**

**(गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति :- २०८१/१०/२७)**

यस जिल्लामा विभिन्न मितिमा वेवारिसे अवस्थामा बरामद भएको तथा मुद्दामा बरामद भएका काठहरु घाटगद्धी गरी राखिएका तपशिल बमोजिमको लट, जात, थान र परिमाणका चिरान/गोलिया काठहरु जे जस्तो अवस्थामा छ सोही अवस्थाबाट आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम विक्रि गर्नुपर्ने भएकोले यो प्रथम पटक सूचना प्रकाशित गरिएको छ, वन पैदावारको कारोवार गर्ने उदेश्यले दर्ता भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डि.व.का.मा सुचिकृत भएका र रीतपूर्वकको स्थायी लेखा नम्बर (PAN) वा आयकर दर्ता र भ्याट दर्ताको प्रमाण-पत्र प्राप्त काष्ठ व्यवसायी फर्म, कम्पनी वा संघसंस्थाले यो सूचना प्रकाशित भएको **मितिले २१ (एक्काईस) दिन** भित्र डिभिजन वन कार्यालय इलाम वा वन निर्देशनालय, कोशी प्रदेश, धरानबाट प्रत्येक लटको छुट्टाछुट्टै शिलवन्दी बोलपत्र खरिद गरि तोकिएको म्याद भित्र डिभिजन वन कार्यालय इलाम वा वन निर्देशनालय, कोशी प्रदेश, धरान मा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि डिभिजन वन कार्यालय इलाममा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ । रित नपुगि र म्याद भित्र नआएका बोलपत्रहरु माथि कारवाही नहुने र रित पुर्वक पर्न आएको बोलपत्रहरु यस कार्यालयको सूचना पाटिमा सूचना प्रकाशित भएको मिति र समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि तथा अन्य प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने व्यहोरा सर्वसाधारण सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१) वन पैदावारको विवरण

| सि.नं. | लट नं. | जात | ग्रेड | थान | चिरान क्यु.फि. | गोलिया क्यु.फि. | न्युनतम दर प्रति क्यु.फि. | न्युनतम मूल्य रु. | संकलन खर्च | घाटगद्धी स्थान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १२/२०८१/०८२ | साल गोलिया | A | ५ | – | ८३.३५ | १२५० | १०५४४९३.५० | १२७११३.०० | चुलाचुली सब डि.व.का. र सुन्दर सा.व.उ.स., रोङ गा.पा. ३ |
| | | साल गोलिया | B | ३ | – | २३.४५ | ९०० | | | |
| | | साल गोलिया | C | १७ | – | ५४.९५ | ६०० | | | |
| | | साल गोलिया | D | ४ | – | ६.१२ | ३०० | | | |
| | | साज गोलिया | B | १ | – | ४.८१ | ३०० | | | चुलाचुली सब डि.व.का. |
| | | साज गोलिया | C | १० | – | २२.७२ | १०० | | | |
| | | साल चिरान | A | ६२५ | ५०८.९६ | ७१२.५४४ | १२५० | | | चुलाचुली सब डि.व.का. र माई सब डि.व.का. |
| | | जम्मा | | ६६५ | ५०८.९६ | ९०७.९४४ | | | | |
| ३ | १३/२०८१-०८२ | साल चिरान | A | ४६ | ४४.४४ | ६२.२१६ | १२५० | ७७७७०.०० | ८७११.०० | माई सब डि.व.का, सुखानी |

क्रमशः

२) बोलपत्र खरिद तथा दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :-

क) खरिद गर्नुपर्ने अन्तिम मिति २०८१/११/१८ (खरिद गर्नुपर्ने अन्तिम दिन सार्वजनिक विदा भएमा सो को भोली पल्ट सम्म) ख) समय ४:०० बजे सम्म

ग) दाखिला गर्नुपर्ने अन्तिम मिति २०८१/११/१९ घ) समय १:०० बजे सम्म (दाखिला गर्नुपर्ने दिन सार्वजनिक विदा पर्न गएमा सो को भोली पल्ट दिनको १:०० बजे सम्म दाखिला गर्न सकिनेछ)

३) बोलपत्र सम्बन्धित डिभिजन वन कार्यालय वा वन निर्देशनालय, कोशी प्रदेश, धरानबाट खरिद गरी डिभिजन वन कार्यालय इलाम वा वन निर्देशनालय, कोशी प्रदेश, धरानमा दाखिला गर्न सकिनेछ ।

४) बोलपत्र साथ कवोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम को.ले.नि.का. इलामको नेपाल बैंक लिमिटेड इलाम शाखामा रहेको धरौटी खाता नं. ०४००२०००००२००३००००01 मा जम्मा गरेको सक्कल भौचर समाबेश गरेको हुनुपर्नेछ वा ६ महिना भन्दा बढीको बैंक ग्यारेण्टी संलग्न भएको हुनुपर्ने छ ।

५) लट नं. १२ को प्रति बोलपत्र फाराम रु. २,०००।- र लट नं. १३ को प्रति बोलपत्र फाराम रु. ३००।- (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको लेखा शाखा वा वन निर्देशनालय, कोशी प्रदेश, धरानबाट खरिद गर्न सकिनेछ ।

६) लिलाम बढावढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र तोकिएको घाटगद्धीमा गई हेर्न सकिने छ ।

७) लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राईटरले नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नं. (PAN) दर्ताको प्रतिलिपि र करचुक्ता प्रमाण पत्र बोलपत्रसाथ पेश गर्नुपर्ने छ साथै वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डि.व.का.मा सुचिकृत भएको प्रमाण पत्रको प्रतिलिपि ।

८) निर्धारित गरिएको न्यूनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचनामा उल्लेख मिति र समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ ।

९) लिलाम स्वीकृती भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार गरेको रकम, काठ दाउराको संकलन खर्च, निर्धारित मूल्य अभिबृद्धिकर तथा प्रदेश सेवा शुल्क समेत बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्ने छ ।

१०) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइने छ ।

११) सम्बन्धित कार्यालयहरुबाट विक्रि नभएको बोलपत्र दाखिला भएमा वा बेचिएको बोलपत्रको फोटोकपी दाखिला गरेमा सो बोलपत्र अमान्य हुनेछ ।

१२) म्याद नाघी, शर्त राखी वा रित नपुगी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरीने छैन ।

१३) बोलपत्र सदर वा बदर गर्ने अधिकार, अधिकार प्राप्त अधिकारीमा निहित रहनेछ ।

१४) उपयुक्त सूचना सम्बन्धमा कुनै कुरा हेरफेर वा संसोधन गर्नु परेमा यस कार्यालयले गर्न सक्नेछ । सो को जानकारी यस कार्यालयको वेवसाइट dfoilam.koshi.gov.np बाट गराईनेछ

१५) अन्य शर्तहरुको हकमा प्रचलित ऐन, नियम र वन पैदावार संकलन तथा विक्रि वितरण निर्देशिका, २०७३ अनुसार हुनेछ ।

१६) यस सम्बन्धमा थप जानकारी चाहिएमा वन व्यवस्थापन शाखाको मो.नं. ९८५२६८५६१४ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**इति सम्बत् २०८१ साल माघ महिना २७ गते रोज १ मा शुभम् ।**

वीरेन्द्र साह
डिभिजनल वन अधिकृत